# सुशासन प्रवर्द्धनका लागि सूचना तथा सञ्चार मन्त्रालयद्धारा जारी गरिएको आचार संहिता, २०७०

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ बमोजिम सूचना तथा संचार मन्त्रालयलाई तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा, कार्यान्वयन गरी सुशासनलाई प्रत्याभूत गर्नका निमित्त मन्त्रालयका कर्मचारीहरुको आचरणलाई स्वच्छ तुल्याई राख्ने उद्देश्यले यो आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

१. यो आचार संहिता मन्त्रालय र अर्न्तगत सबै कर्मचारीले पालना गर्नु पर्नेछ।

२. आवश्यक अनुसार आचार संहिता सम्बन्धी प्रावधानहरु थपघट वा संशोधन गर्न सकिने छ।

३. यो आचार संहिता २०७० श्रावण १ गतेदेखि लागू हुनेछ।

४. यो व्यवस्था स्थायी अस्थायी एवं सेवा करारमा कार्यरत सबैलाई लागू हुनेछ।

५. कर्मचारीहरुले कार्यालय समय र नियमितताको पूर्ण पालना गर्नुपर्ने छ।

६. कार्यालय समयमा कारणबश बाहिर जानु पर्ने भएमा आफू जानपर्ने कारण, स्थान खुलाई लगबुकमा उल्लेख गरी आफ्ना शाखा/ महाशाखा प्रमुखको पूर्व स्वीकृति लिएर मात्र कार्यालय वाहिर जानु पर्नेछ।

७. कार्यालयबाट तोकिएको कार्य जिम्मेवारीपूर्वक सम्पन्न गर्नुपर्ने छ।

८. आफ्नो पद अनुसारको तोकिएको कार्य प्रचलित कानून र आफू निकट अधिकारीको निर्देशन समेतमा रही गर्नु पर्नेछ।

९. आफ्नो शाखाको कार्य कार्यान्वयन गर्दा निर्दिष्ट समय भित्र सम्पन्न गर्नु पर्नेछ। निर्दिष्ट समय भित्र गर्न नसकिने भएमा कारण सहित आफु निकट अधिकारी समक्ष पेश गरी निकास लिनु पर्नेछ।

१०. आफ्नो शाखा तथा फाँटमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न हुन नसक्नाको कारण सहित हरेक ७/७ दिनमा निकट अधिकारी समक्ष पेश गरी निर्देशन अनुसार कार्य फछ्र्यौट गर्नुपर्नेछ।

११. शाखा तथा फाँटको कार्य प्रकृति अनुसार गर्नुपर्ने कार्यलाई साधारण, जरुरी र अति जरुरीमा वर्गीकरण गरी प्राथमिकता दिई कार्य फछ्र्यौट गर्नु पर्नेछ।

१२. कर्मचारी–कर्मचारीबीच निकट तथा सुमधुर सम्वन्ध कायम गर्नु पर्नेछ। कर्मचारीहरुले सेवाग्राहीहरुसँग नम्र भई सुमधुर रुपमा व्यवहार गर्नु पर्नेछ।

१३. विभागको काम कारवाही तथा सेवा प्रवाह गर्ने सिलसिलामा अन्य शाखा तथा फँटका कर्मचारीहरुको अनुपस्थितिमा निकटस्थ अधिकारीले उक्त शाखा तथा फाँटको समेत कार्य गर्न लगाएमा सो कार्य समेत गर्नु पर्नेछ।

१४. कार्यालयसंग सम्बन्धित कुनै पनि सूचना (गोप्य राख्नु पर्ने भनी तोकिएको वाहेक) सेवाग्राहीले माग गरेमा तत्काल उपलव्ध गराउनु पर्नेछ ।

१५. कर्मचारीहरुले स्पष्ट प्रयोजन विना पेश्की लिनु हुंदैन र आफ्नो नामको पेश्की, बेरुजु नियमानुसार फछ्र्यौट गर्नु पर्नेछ ।

१६. दृष्टिविहीन, फरक क्षमता भएका (अपाङ्गता), महिलाहरु एवं जेष्ठ नागरिकलाई बढी प्राथमिकता दिई सेवा प्रवाह गर्नुपर्नेछ ।

१७. आफुले सम्पन्न गरेको कार्यको प्रगति मासिक रुपमा  निकट अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

१८. कुनै पनि विषयमा राय दिंदा वा निर्णय गर्दा कारण र आधार खुलाई सम्बद्ध कानूनको पनि उल्लेख गरिनु पर्नेछ ।

१९. पेशागत नैतिक एवं पदीय मर्यादाको पूर्ण पालना गर्नु पर्नेछ ।

२०. बाल विवाह, बहूविवाह, जातीय विभेद र छुवाछुत लैगिक विभेद, बाल श्रम शोषण अमानवीय र सामाजिक अपराध भएकोले यस्ता क्रियाकलाप र मान्यतावाट आफु र आफ्नो परिवार अलग रहनु पर्नेछ ।

२१. कार्यालयका कर्मचारीहरुले आफुमा स्वयंसेवी भावना विकास गर्नुपर्ने, सामाजिक विकासका गतिविधिहरुमा लैंगिक सम्वेदनशील हुनु पर्ने, महिला हिंसा र यौन दुर्व्यवहारप्रति अलग रहनु पर्नेछ ।

२२. मानव अधिकारको संरक्षण, मानवीय सेवा र सहायताका लागि सञ्चालन हुने कार्यक्रम तथा सामाजिक परिचालनमा सहयोगी भावना राख्नु पर्नेछ ।

२३. कार्यालयको चल अचल सम्पत्ति व्यक्तिगत प्रयोजन या व्यक्तिगत रुपमा लाभान्वित हुने गरी अर्थात् नाफा कमाउने कार्यमा लगाउनु हुँदैन ।

२४. प्रचलित नियम कानूनको मर्यादामा रही कार्यालयका कर्मचारीहरुले आफ्नो व्यक्तिगत विचारहरु सम्बन्धित ठाउँमा मात्र व्यक्त गर्नुपर्नेछ ।

२५. आफू कार्यरत निकायको छविमा आँच नआउने गरी प्रचलित कानूनले दिएको अधिकारको प्रयोग गरी आफ्नो विचार राख्नु पर्नेछ तर यसरी आफ्नो विचार प्रकट गर्दा त्यसबाट अरुलाई व्यक्तिगत रुपमा आक्षेप लगाउने कार्य गर्नु हुँदैन । कार्यालय सम्बन्धी जानकारी एवं संस्थागत विचार कार्यालय प्रमुखको अनुमति एवं आदेश लिएर मात्र दिनु पर्नेछ ।

२६. सञ्चार माध्यममा प्रस्तुत हुंदा कार्यालयको हित विपरित हुने गरी प्रस्तुत हुनु हुँदैन ।

२७. कर्मचारीले सञ्चार माध्यममा लगानी गर्न वा त्यस्ता सञ्चार माध्यममा पूर्व स्वीकृति वेगर कुनै पनि पद धारण गर्न हुँदैन ।

२८ सामाजिक, साँस्कृतिक चाडपर्व, विवाह, ब्रतबन्ध, पास्नी जस्ता कार्यहरु गर्दा सामाजिक व्यवहार सुधार ऐन, २०३३ मा उल्लेखित प्रावधानहरुको पालना गर्नुपर्नेछ ।

२९. नेपाल सरकारले गरेका समय–समयका निर्णय बमोजिम कार्यक्रम सञ्चालन, बैठक संचालन समारोह आयोजना गर्दा संस्थागत वा व्यक्तिगत दुवै हिसावले निर्णय अनुकूल गर्नु, गराउनु पर्नेछ ।

३० नि.से ऐन, २०४९ (दोस्रो संशोधन २०६४ सहित) को परिच्छेद ७ को निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा सुशासन (व्यवस्थापन र संचालन) ऐन, २०६४ बमोजिम जारी भएको आचार संहिता अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।